स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आफूले गरेको कामले प्रशंसा पाउँदा खुसी नहुने को होला र ? हिजोआज अभिनेत्री सुरक्षा पन्त पनि प्रशंसाका शब्दहरूले पुलकित छिन्। उनको शीर्ष भूमिका रहेको फिल्म 'कोसेढुंगा' अहिले सिनेमा हलहरूमा चलिरहेको छ। फिल्मबाट उनले दर्शकहरूको राम्रो 'रिभ्यु' पाइरहेकी छिन्, जसले उनको खुसीको ग्राफ बढाइरहेको छ। 'फिल्मको राम्रो रिभ्यु देख्दा खुसी लागेको छ।

**आजको विचार...**



शिक्षामा...
*(दुई पेजमा)*

डा.चण्डिका भट्ट



निर्माता तथा निर्देशक सन्तोष सेनले कलाकार दीपकराज गिरीको सोचमै पाप रहेको बताएका छन्। उनले सामाजिक सञ्जालमा एक पोस्ट गर्दै यस्तो आरोप लगाएका हुन्। गिरीले सामाजिक सञ्जालमा विभिन्न कमेन्ट गर्न लगाएर लाखौं दर्शकको भावनासँग खेलबाड गरेको आरोप सेनको छ। त्यसैले उनीहरूको भावनालाई कुल्चने अधिकार कसैलाई छैन', सेन अगाडि भन्छन् 'हाम्रो बलिदानको पोस्टमा आउने नकारात्मक कमेन्टहरू के तिम्रो समूहकै काम हो ?'

❒ वर्ष ३१ ❒ अंक ४८ ❒ २०८२ भदौ १८ गते बुधबार 3 September 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## जापानमा भालु आक्रमण बढ्दो

(रासस/एएफपी)

**टोकियो,** भदौ १७/जापानमा भालुहरूको आक्रमण बढेपछि सरकारले सिकारीहरूलाई सम्भावित क्षेत्रमा राइफल तथा बन्दुकहरु प्रयोग गर्न सजिलो हुने गरी हात हतियारसम्बन्धी नियमहरू सहज बनाएको छ । घट्दो मानव जनसङ्ख्या तथा जलवायु परिवर्तन लगायतका कारणहरू भालुको वासस्थानमा परेको प्रभावका कारण जापानको आवासीय क्षेत्रहरूमा धेरै जङ्गली भालुहरू देखिने गरेको छ । यस वर्षको अप्रिलदेखि जापानमा भालुको आक्रमणबाट चार जनाको मृत्यु भएको तथा अगस्टमा होक्काइदोमा दर्जनौँ घाइते भएको जनाइएको छ । उत्तरी सहर किताकितामा रहेको अपाङ्गता संरक्षण केन्द्रमा जुलाईमा भालुले आक्रमण गरेपछि एक जना महिलालाई बेहोस अवस्थामा उद्धार गरिएको थियो । जुनमा एउटा भालु क्षेत्रीय विमानस्थलको धावनमार्गमा घुम्दै गरेको देखिएको थियो । कडा हतियार नियन्त्रण प्रणाली अवलम्वन गरेको जापानले भालुको आक्रमण आत्मरक्षाको लागि सिकारीहरूलाई राइफल र बन्दुकको प्रयोगलाई प्रहरीको स्वीकृतिपछि अनुमति दिइएको छ । बासिन्दाहरूको सुरक्षा सुनिश्चितासँगै आपतकालीन अवस्थामा सिकारीहरूलाई राइफल प्रयोग गर्ने अधिकार दिन सक्ने जनाइएको छ । सन् २०२५ मार्चसम्म जापानमा ८५ जना मानिसहरूलाई भालुले आक्रमण गरेका थियो जसमध्ये तीन जनाको मृत्यु भएको थियो ।

# यौनजन्य दुर्व्यवहार नियन्त्रण गर्न 'आंचारसंहिता'

कृष्ण पोखरेल

**पाल्पा,** भदौ १७/जिल्लाको रम्भा गाउँपालिकाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार रोकथाम तथा नियन्त्रणका लागि "आचार संहिता २०८२" सार्वजनिक गरेको छ । महिला कानुन र विकास मञ्च काठमाडौंको सहयोग, महिला कल्याण संघ पाल्पाको समन्वयमा गाउँपालिकाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बन्धी आचारसंहिता २०८२ सार्वजनिक गरेको हो ।

कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समिति पाल्पाकी उपप्रमुख काशिका गैरेले यौनजन्य दुर्व्यवहार कार्यस्थलमा हुने प्रमुख चुनौती भएको उल्लेख गर्दै सुरक्षित कार्य वातावरण बनाउन आचारसंहिता अनिवार्य रहेको बताइन् । यस्तो आचारसंहिता प्रत्येक स्थानीयतहसँगै अन्य प्रदेश तथा संघीय कार्यालय तथा गैरसरकारी संस्थाहरुमा पनि आवश्यक रहेको उपप्रमुख गैरेले जोड दिइन् । आचारसंहिता सार्वजनिक गर्दै पालिका अध्यक्ष भण्डारीले रम्भा गाउँपालिकाको जुनसुकै कार्यस्थलमा कुनै पक्षमाथी यौनजन्य दुर्व्यवहार नहुने भईहालेमा





पिडित पक्षले उजुरी गर्न पाउने, उजुरी उपर कानुनी कारवाही देखी क्षतिपुर्तीसम्मको व्यवस्था रहेको जानकारी दिए । पालिका भित्रका वडा कार्यालय, अस्पताल, स्वास्थ्य चौकी लगायत संघ संस्था सबैक्षेत्रमा आचार संहिता लागु भएको अध्यक्ष भण्डारीले बताए । आचार संहिताले कार्यस्थलको सेवाप्रवाह प्रभावकारी हुने, कर्मचारीको काम प्रतिको आत्मविश्वास बढ्ने विशेषगरी महिला तथा युवा कर्मचारी बढी फाईदा पुऱ्याउने अध्यक्ष भण्डारीले बताए । महिला कानुन र विकास मञ्चका निर्देशक एवं अधिवक्ता सविन श्रेष्ठले आचारसंहिताले कार्यस्थलमा हुने असमानता, शोषण र दुर्व्यवहारलाई रोक्ने मात्र नभई पीडितलाई कानुनी उपचारमा पुग्ने बाटो पनि सहज बनाएको बताए । यौन दुर्व्यबहारमा जनप्रतिनिधी, कर्मचारी र सेवाग्रही जो सुकै पनि पिडित हुने भएकाले आचारसंहिताले सबैलाई सुरक्षित र कानुनी उपचारको बाटो सुनिश्चित गरेको निर्देशक श्रेष्ठले बताए । प्रमुख प्रशासकीय अधिकृत बीरबहादुर पुनले यस्तो आचारसंहिताका कारण सबैपक्षलाई ढुक्क भएर काम गर्ने वातावरण बनेको बताए । यो आचारसंहिता २०८२ भदौ १६ गते देखी नै रम्भा गाउँपालिका भित्र लागु भएको र राजपत्रमा समेत प्रकाशित गरिएको प्रमुख प्रशासकीय अधिकृत पुनले बताए । कार्यस्थलमा सुरक्षित र सम्मानजनक वातावरण बनाउन, लैङ्गिक समानता प्रवर्द्धन गर्न, पीडितलाई सहज उजुरी दिने वातावरण तयार पार्न र संस्थागत स्तरमै दुर्व्यवहार नियन्त्रण गर्न आचारसंहिताको जरुरी रहेको प्रमुख प्रशासकीय अधिकृत पुनले बताए । कार्यक्रममा गाउँपालिका प्रवक्ता कृष्ण रायमाझी, महिला कल्याण संघकी संस्थापक सचिव उर्मिला शर्मा, अध्यक्ष नारायणी खनाल, लगायतले आचारसंहिताको सफल कार्यान्वयनका लागि सबै तहबाट सहयोग गर्नुपर्ने धारणा राखे ।

गाउँपालिकाका अध्यक्ष विष्णु भण्डारीको अध्यक्षता, पालिका उपाध्यक्ष राधाकुमारी श्रेष्ठको स्वागत महिला तथा बालबालिका शाखा प्रमुख कमला अर्यालको सञ्चालनमा आचारसंहिता सार्वजनिक कार्यक्रम भएको हो । पाल्पामा रम्भा गाउँपालिका र रामपुर नगरपालिकाले यौनजन्य दुर्व्यवहार सम्बन्धी आचार संहिता सार्वजनिक गरेका छन् भने अन्य ८ पालिकामा बाँकी रहेको छ । गाउँपालिका अध्यक्ष भण्डारीको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

## रुपन्देहीमा शोक बिदा





**बुटवल,** भदौ १७/मंगलबार रुपन्देहीका स्थानीय तहमा शोक बिदा दिइएको थियो । लुम्बिनी सांस्कृतिक नगरपालिका प्रमुख सजरुद्धिन मुसलमानको फदयघातबाट मृत्यु भएकोमा यहाँका स्थानीय तहमा विदा दिइएको हो ।

जिल्ला समन्वय समितिले शोक बिदा गर्ने निर्णय गरेको थियो । शोकमा पालिका कार्यालयमा रहेको नेपाली झण्डा आधा झुकाइएको थियो । शनिबार नगर प्रमुख सजरुद्धिन मुसलमानको फदयघातका कारण निधनको भएको थियो । जिल्ला समन्वय समितिले शोकमा बिदा गर्ने र पालिका कार्यालयमा रहेको नेपाली झन्डा आधा झुकाउन यस अघि नै आदेश गरेको थियो । समितिद्वारा जारी सूचनामा मंगलबार जिल्लाका सबै पालिकाको काम बन्द गरी दिवंगत मुसलमानप्रति श्रद्धाञ्जली अर्पण गर्न भनिएको थियो ।

## लुम्बिनी प्रदेशमा विपद्मा परी साउनमै ४३ ले ज्यान गुमाए

**लुम्बिनी,** भदौ १७/लुम्बिनी प्रदेशमा गत साउन महिनामा विभिन्न विपदमा परी ४३ जनाले ज्यान गुमाएका छन् । प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रका अनुसार सो अवधिमा १५४ जना घाइते भएका छन् भने दुई जना बेपत्ता छन् ।

सो अवधिमा बाढी, डुवान, अतिवृष्टि, आगलागी, विषालु खाद्य सेवन, पहिरो, जनावर आक्रमण, चट्याङलगायत ३ सय ३५ वटा घटना घटेका थिए । ती घटनाका कारण मानवीय क्षति भएको हो । यसरी भएको विपद्ले ५१ लाख बराबरको भौतिक क्षति पुगेको अनुमान गरिएको छ । साउनमा मात्र बाढीमा परेर दुई, पानीमा डुबेर २७, आगलागीमा परेर एक, विषाक्त खाद्य सेवनका कारण चार, सर्पदंशका कारण आठ र अन्यमा एक गरी ४३ जनाको मृत्यु भएको जनाइएको छ । प्रदेशस्तरीय विवरणअनुसार



दाङमा सात, कपिलवस्तुमा नौ, रूपन्देहीमा पाँच, बाँकेमा दुई, गुल्मीमा दुई, पाल्पामा दुई, प्यूठानमा चार, बर्दियामा तीन, अर्घाखाँचीमा दुई, नवलपरासी पश्चिममा दुई, रुकुमपूर्वमा एक र रोल्पामा चार जनाको ज्यान गएको छ । यस अवधिमा २१ निजी घर पूर्ण क्षतिग्रस्त भएका छन् भने १२ आंशिक क्षति भएका छन् । एक सरकारी भवन पूर्ण रूपमा क्षतिग्रस्त हुँदा दुईवटा भवनमा आंशिक क्षति भएका छन् । पशु क्षति ३० र गोठ क्षति २० रहेको प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्रले जनाएको छ । लुम्बिनी प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयअन्तर्गतको प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्रका अनुसार विपद् न्यूनीकरण तथा उद्धारमा स्थानीय तह, सुरक्षा निकाय र समुदायबीच समन्वयलाई अझ सशक्त बनाउने तयारी गरिएको छ । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## राष्ट्रियताप्रति संवेदनशील बन

ग्रासरुट लेबलदेखी माथिल्लो तह सम्मका सबै तह तप्काका व्यक्तित्वहरूले राष्ट्रियताको सवालमा अब संवेदनशील बन्ने बेला आएको छ । 'म नेपाली मेरो देश नेपाल' भन्नुमा गौरव गर्नु पर्ने परिस्थिति सिर्जना गर्न हामी सबै अग्रसर हुनु पर्ने भएको छ । यस कार्यमा सरकारी तवरबाट शान्ति सुरक्षा अमन चयन कायम राख्न उचित कदम चालिनु पर्दछ । कूटनीतिक सामर्थ्य बढाइनु पर्दछ ।

नेपालको भूमि लिपुलेकबाट पुनः व्यापार सञ्चालन गर्ने चीन–भारतको द्विपक्षीय सहमतिले अहिले राष्ट्रियता माथि दावा बोलेको छ । लिपुलेक प्रकरणले नेपाललाई एउटा पाठ पनि दिएको छ, छिमेकीसँगको सम्बन्ध मजबुत बनाउन कूटनीतिक तर्क, स्पष्ट अडान र राष्ट्रिय एकताको आवश्यकता अपरिहार्य छ । लिपुलेक नेपालको सार्वभौम क्षेत्र हो । यसमा कुनै पनि पक्षको हस्तक्षेप वा निर्णय नेपालको स्वीकृतिबिना मान्य हुँदैन । तर अहिले भारत र चीनबीच भएको सहमति नेपालका लागि कूटनीतिक चुनौती बनेको छ । यही संवेदनशील अवस्थामा प्रधानमन्त्रीको चीन भ्रमणले राष्ट्रिय हितमा ठोस परिणाम ल्याउने संकेत देखाएको छ । नेपालको परराष्ट्र नीतिको मूल आधार 'पञ्चशील' र 'समदूरी' हो । भारत र चीनजस्ता शक्तिशाली छिमेकीबीच सन्तुलन कायम गर्दै नेपालको भू–राजनीतिकहित सुरक्षित गर्नु आजको आवश्यकता हो । लिपुलेक विवादले स्पष्ट देखाएको छ कि यदि नेपालले आफ्नो आवाज प्रस्टसँग प्रस्तुत नगरे ठूला मुलुकहरूले आफ्नो सुविधाअनुसार निर्णय गर्ने सम्भावना रहन्छ । चीनसँगको उच्चस्तरीय भेटघाटमा प्रधानमन्त्रीले यो मुद्दा दृढताका साथ उठाउँन आवश्यक छ ।

विकास र आर्थिक लाभका लागि चीनसँगको नजिक सम्बन्ध आवश्यक भए पनि सुरक्षा पहलमा खुलेर समर्थन दिने निर्णय गर्दा विभिन्न समस्या आउन सक्छन् र सन्तुलित परराष्ट्र नीतिमा खलबल पुग्न सक्नेतर्फ प्रधानमन्त्री र सरकारी पक्ष संवेदनशील र स्पष्ट बन्नुपर्छ । तल्लो तहबाट समेत सबैले राष्ट्रियताप्रति चनाखो भएर सोच्न जरुरी छ ।

## Opinion @ Social Network

पैसाले हो सब थोक किन्न सक्ने
मन किन्न त अझ पनि बिस्वास चाहिन्छ ।
*(रविन नेवारको फेसबुक स्टाटसबाट www.facebook.com/Rabin.Newar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# शिक्षामा निरन्तर संकट : तथ्य, चुनौती र आत्म मन्थनको आवश्यकता



डा.चण्डिका भट्ट

*दक्षिण कोरियामा श्रमिकहरूले हड्ताल गर्दा 'मिडनाइट डेमो' गर्छन्–दैनिक काम अवरुद्ध नगरी, मध्यरातमा प्रदर्शन । यी अभ्यासहरूले देखाउँछन्–आवाज उठाउन सडक बन्द गर्नैपर्छ भन्ने छैन । हामीकहाँ किन अझै पनि असन्तुष्टि व्यक्त गर्न सडक नै एकमात्र विकल्प देखिन्छ ? नतिजा : ३८.८३ प्रतिशत ननग्रेड–विद्यार्थीको होइन, प्रणालीको असफलता २०८२ सालको साउनमा कक्षा १२ को नतिजा सार्वजनिक हुँदा करिब ४० प्रतिहत विद्यार्थी ननग्रेड भए । यो केवल अंकको हार होइन, जीवनभरि पछ्याइरहने दाग हो ।*

प्रस्तावना : समाचारभन्दा गहिरो घाउ भद्रगोल जस्तो देखिने तर 'व्यवस्थित' भनिने नेपालको शिक्षा प्रणालीमा हरेक दिन नयाँ समाचार आउँछ । भदौ ८, २०८२ को बिहान अनलाइन खबर हेर्दै गर्दा मैले २०८१ पुसदेखि २०८२ वैशाखसम्म मात्र शिक्षा-सम्बन्धी दशवटा ठूला शीर्षक भेटें । एकदिन एउटा खबर पेजमा मात्र । त्यस्तै एक वर्षभरिको खोज्दै जाँदा कति छन् होला, सहजै अनुमान लगाउन सकिन्छ । विगत एक वर्षका यी दशवटा शीर्षक नियाल्दा, एउटा 'शिक्षा डायरी' तयार हुन्छ–शिक्षक आन्दोलनदेखि परीक्षानतिजा, बजेट, विद्यार्थी विदेश पलायन, विद्यालय बिहीन गाउँसम्म । त्यसैले, यो स्तम्भमा यिनै शीर्षकको सेरोफेरोमा रहेर मन्थन गरिएको छ । अन्य यहाँ नसमेटिएका कति विषय भविष्यमा समयानुकूल आउनेछन् । यी शीर्षक केवल समाचार होइनन्, समाजको पीडा हुन् । तिनीहरूले हामी सबैमा प्रश्न उठाउँछन्, समाधान खोज्ने **जिम्मेवारी कसको हो ?**

आन्दोलन र वार्ताको असफल चक्र : शिक्षालय सडकमा नेपालमा शिक्षक आन्दोलन कुनै नयाँ घटना होइन । म आफैं यस यात्राको साक्षीमात्र होइन, सहभागी पनि भएको थिएँ र छु । माग जायज थियो-तलब, सुविधा, स्थायित्व र सम्मान तर सडकमा निस्किँदा मेरो मनभित्र निरन्तर प्रश्न गुञ्जिन्थ्यो, 'म यहाँ छु, तर विद्यार्थी कहाँ छन् ?' सडक हाम्रो शिक्षा प्रणालीको पहिलो दरबान बनेको छ, जबकि विद्यालय नै असली सुनुवाइको थलो हुनुपर्ने हो । आन्दोलन राजनीतिक झण्डासँग मिसिन पुग्छ, विद्यार्थी असमञ्जसमा पर्छन्, कक्षाकोठा सुनसान हुन्छ । यसरी विद्यार्थीको भविष्यमा सहप्रभाव हुन्छ । सुधार केवल आदेश वा नाराबाट सम्भव छैन । समस्या विद्यालयमै सुन्ने, समाधान मन्त्रालयमै गर्ने र सडकलाई अन्तिम विकल्पमात्रै राख्ने संरचना आवश्यक छ भन्ने मेरो व्यक्तिगत ठम्याइ हो ।

**आन्दोलनको अन्तर्राष्ट्रिय दृष्टान्त**

विश्वभर असन्तुष्टि प्रकट गर्ने तरिका फरक-फरक छन् । स्क्याण्डिनेभियामा शिक्षकहरूले कक्षा छोड्ने होइन, 'साइलेन्ट प्रोटेष्ट' गर्छन्–कक्षामा नै शिक्षण सामग्री बाँडेर तर शान्त सन्देश पठाउने । दक्षिण कोरियामा श्रमिकहरूले हड्ताल गर्दा 'मिडनाइट डेमो' गर्छन्–दैनिक काम अवरुद्ध नगरी, मध्यरातमा प्रदर्शन । यी अभ्यासहरूले देखाउँछन्-आवाज उठाउन सडक बन्द गर्नैपर्छ भन्ने छैन । हामीकहाँ किन अझै पनि असन्तुष्टि व्यक्त गर्न सडक नै एकमात्र विकल्प देखिन्छ ? नतिजा : ३८.८३ प्रतिशत ननग्रेड-विद्यार्थीको होइन, प्रणालीको असफलता २०८२ सालको साउनमा कक्षा १२ को नतिजा सार्वजनिक हुँदा करिब ४० प्रतिहत विद्यार्थी ननग्रेड भए । यो केवल अंकको हार होइन, जीवनभरि पछ्याइरहने दाग हो । केही समयअघि त्रिभुवन विश्वविद्यालय सेवाआयोगले सार्वजनिक गरेको उपप्राध्यापक नियुक्तिको लिखित परीक्षाको नतिजामात्र नभई अन्य परीक्षाका नतिजाहरूले नेपाली शिक्षा क्षेत्रको खस्कँदो अवस्था उजागर गरेको छ । विद्यार्थी त पढ्न चाहन्छन् तर पुरानो रटन्ते पाठ्यक्रम, जीवनसँग नजोडिएका परीक्षा प्रणाली, शिक्षक अभाव र राजनीतिग्रसित विद्यालयले उनीहरूलाई असफल बनाउँछ । जब ४० प्रतिशत युवाले सर्टिफिकेट पाउँदैनन्, त्यो केवल व्यक्तिगत पीडा होइन-राष्ट्रकै आत्मविश्वास, उत्पादनशीलता र सम्भावनामा ठूलो खाडल हो । लगानीको खोक्रोपन : सपना २० प्रतिशत, वास्तविकता १२ प्रतिशत नेपालमा हरेक वर्ष नारा दोहोरिन्छ, 'शिक्षामा कम्तीमा २० प्रतिशत बजेट' तर वास्तविकता १२ प्रतिहत वरिपरि सीमित छ । पुल, सडक, पार्क र भवनमा सजिलै खर्च तर विद्यालय सुधार र शिक्षक-स्रोतमा न्यून । शिक्षाखर्च होइन, लगानी हो । आज खर्च देखिन्छ, भोलि रोजगारी, स्वास्थ्य, नागरिक चेतना र अपराध नियन्त्रणमा फर्कन्छ । जबसम्म नेतृत्वले यो दृष्टि नबुझ्छ, २० प्रतिशत शिक्षा बजेट केवल नारामै सीमित रहन्छ ।

**सतही निर्देशन र असफल प्रयोग : नीति होइन, व्यंग्य**

मन्त्रालय या स्थानीय पालिकाहरूले समेत भन्छन् : 'बिदामा पनि पढाउनुस्' अर्को दिन, 'छोराछोरी सामुदायिक विद्यालयमा पठाउनुस् ।" शिक्षक थाकेका, विद्यार्थी मानसिक रूपमा थाकेका, विद्यालय साधनरहित । आदेशले समस्या समाधान गर्दैन, केवल निराशा पैदा गर्छ । वास्तविक सुधार भनेको गुणस्तर, लगानी र दीर्घकालीन दृष्टि हो । अभिभावक, शिक्षक र विद्यार्थीलाई व्यंग्य गर्नु होइन, उनीहरूलाई सक्षम बनाउनु हो ।

**शिक्षात्मक सुधार र भविष्यको आशा :** यदि शिक्षक, विद्यार्थी र अभिभावक सक्रिय छन् भने असम्भवलाई सम्भव बनाउन सकिन्छ । यसका तीन प्राथमिक उपाय रहेका छन् : १, शिक्षकलाई जिम्मेवारीमात्र होइन, पर्याप्त स्रोत, क्षमता विकाससम्बन्धी तालिम र मानसिक समर्थन एवं मनोवैज्ञानिक ऊर्जा । २, पाठ्यक्रम जीवनसँग सम्बन्धित, परीक्षामात्र नभई व्यावहारिक ज्ञान प्रदायक । ३, अभिभावक र समुदायलाई सक्रिय सहभागी बनाउनु, निर्देशन मात्र होइन । नेपालमै केही सार्वजनिक विद्यालयहरूले शिक्षक र विद्यार्थी संलग्न हुँदा गुणस्तरीय शिक्षा सम्भव छ भनी विगतमा देखाएका थिए र देखाएका छन् । यसरी दीर्घकालीन योजना, लगानी र सरोकारवालाको सहभागिताले शिक्षा प्रणाली सुधार्न सक्छ ।

**स्वास्थ्य, सीप र जीवनका पाठ :** किशोर- किशोरीहरू मानसिक स्वास्थ्य, नशा, पोषण अभाव र वातावरणीय चेतना जस्ता चुनौतीसँग जुधिरहेका छन् तर विद्यालय अझै 'रट्ने पाठ्यक्रम' मै फसेको छ । स्वास्थ्यशिक्षा अनिवार्य गर्नु केवल परीक्षा विषय बढाउनु होइन, जीवन बचाउने सीप दिनु हो । डिजिटल दक्षता, वातावरणीय चेतना, नैतिक र नागरिक शिक्षा अनिवार्य हुनुपर्छ । केवल अंक ल्याउने मेसिन होइन, जीवनका लागि तयार गर्ने अभ्यास बनाउनु आवश्यक छ । पलायन र असमानताको चरमतासँगै नेपालमा शिक्षा दुई्‌ीय छ : सम्पन्न वर्ग : भारत वा विदेशमा महँगो शुल्क तिरेर उच्च शिक्षा र वञ्चित वर्ग : दूरदराजका (इलाम जस्ता सीमावर्ती) गाउँमा विद्यालय र शिक्षक अभाव त कतै विद्यार्थी अभाव । अवसरको अति एक समूहमा, निराशा अर्कोमा । शिक्षा असमानता केवल शैक्षिक होइन, सामाजिक असमानता र दीर्घकालीन विभाजनको बिउ हो ।

**सुधारको आशा र राजनीतिक नारा**

सुधार असम्भव होइन तर शर्त एउटै, राजनीति बाहिर राखेर दीर्घकालीन दृष्टि अपनाउने । शिक्षक-विद्यार्थी आवाजको उपेक्षान गर्नु । प्रशासन र नेतृत्वले पर्याप्त लगानी र नीति सुनिश्चित गर्नु । पाठ्यक्रम जीवनसँग मेल खाने, शिक्षक योग्य, विद्यालय साधनयुक्त हुनु । सुधार केवल नारा वा आदेशबाट होइन, सबै सरोकारवालाको सहकार्यबाट सम्भव छ ।

**जिम्मेवार को हो ?**

जिम्मेवारी साझा हो, सरकार, शिक्षक, अभिभावक र विद्यार्थी सबै दोषी र उत्तरदायी । सरकार नीति बनाउँछ, तर दीर्घकालीन दृष्टि हराउँछ । शिक्षक संघसंगठनमा रमाउँछन्, विद्यार्थीको भविष्य द्वितीय । अभिभावक पैसा र प्रमाणपत्रको पछि दौडन्छन् । विद्यार्थी अंक र सर्टिफिकेटलाई प्राथमिकता दिन्छन् । सत्य यही हो, शिक्षा सुधार सबैको साझाप्रयास बिना सम्भव छैन । शिक्षा खेल होइन, भविष्यको सवाल हो । सरकारले शिक्षा बजेटलाई भविष्यको बीमा ठान्नुपर्छ । शिक्षकले कक्षाकोठालाई प्राथमिकता दिनुपर्छ । अभिभावकले गुणस्तर माग्नुपर्छ । विद्यार्थीले जीवन उपयोगी सीप सिक्नुपर्छ । आन्दोलन केवल आवाज उठाउँछ, तर दीर्घकालीन नोक्सान पुऱ्याउँछ । सुधारका लागि दीर्घकालीन दृष्टि, पर्याप्त लगानी, राजनीति कम, शिक्षक-विद्यार्थी सशक्त हुनु आवश्यक छ ।

**शिक्षा र समाजको भविष्य :** ४० प्रतिशत असफल विद्यार्थी !४० प्रतिशत बेरोजगार भविष्य । विद्यालयविहीन गाउँ!निराशा उत्पादन गर्ने कारखाना । विदेश पलायन!राष्ट्रको क्षमता चुहावट । यदि आत्ममन्थन र सक्रिय सुधार भएन भने, शिक्षाको संकट राष्ट्रकै अस्तित्व संकटमा परिणत हुन सक्छ ।

**अब पनि समय छ जिम्मेवार बन्ने**

शिक्षा केवल 'खबर' वा 'नतिजा' होइन । यो हाम्रो समाजको भविष्य हो । सरकारले बुझ्नुपर्छ : शिक्षा खर्च होइन, भविष्यको बीमा ठान्नुपर्छ । शिक्षकले आन्दोलन होइन, शिक्षणलाई प्राथमिकता दिनुपर्छ । अभिभावकले गुणस्तरलाई प्राथमिकता दिनुपर्छ । विद्यार्थीले जीवनोपयोगी सीप सिक्नुपर्छ । अब शिक्षा केवल खेल होइन, अस्तित्वको सवाल हो ।

शिक्षा संकटलाई अवसरमा बदल्ने समय यही हो । राजनीतिक दल र सरकार नै जिम्मेवारीको अग्रस्थानमा हुनुपर्छ । समग्रमा, शिक्षा केवल सरकारी घोषणामा होइन, शिक्षकको समर्पण, अभिभावकको सचेतता, विद्यार्थीको सक्रियता र नीतिनिर्माताको दीर्घदृष्टिमार्फत मात्र विकासशील, समावेशी र समान अवसरयुक्त बन्नसक्छ । नोट : यो स्तम्भ मेरो व्यक्तिगत यात्रा, अनुभव र अनुभूतिमा आधारित छ-गाउँमा विद्यालय नहुँदा सुरु गरिएको शिक्षा अभियानदेखि बेलायतको विश्वविद्यालयमा अध्यापनसम्मका सिकाइ र भोगाइहरू हुन् । उद्देश्य उपदेश दिनु होइन, वास्तविकता देखाउनु, अनुभवबाट पाठ साझा गर्नु हो । मैले भोगेका चुनौती, सिकेका पाठ र प्रायश्चितलाई आधार बनाएर मेरो दृष्टिकोण प्रस्तुत गरेको छु । बहस खुला छ, तर अब ढिला हुने समय छैन-शिक्षामा जिम्मेवारी लिन र सुधारका लागि सक्रिय हुन यही समय हो । ***-हिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : श्रमको उचित मूल्याङ्कन हुनेछ । विद्या र बुद्धिको विकास हुनेछ । | **तुला** : बोलीको विपरीत अर्थ लाग्न सक्छ । लगानी गर्नु पनि उपयुक्त नहोला। |
| **वृष** : इच्छा र आकाङ्क्षा पूर्ण हुनसक्छ । मनमा हर्ष छाउनेछ । | **वृश्चिक** : कामहरू अगाडि बढ्नेछन्। कार्य सम्पादनमा सहजता मिल्नेछ । |
| **मिथुन** : मानसिक चिन्ता बढ्नसक्छ । गरेको काममा ढिलासुस्ती हुनेछ । | **धनु** : एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। वैदेशिक कार्य अघि बढ्नेछ । |
| **कर्कट** : साथीभाइबाट सहयोग मिल्नेछ। सामाजिक कार्यबाट सन्तोष मिल्नेछ। | **मकर** : पारिवारिक सद्भाव बढ्नेछ । नयाँ व्यक्ति सँग भेटघाट हुने समय छ । |
| **सिंह** : अतिथिका रूपमा सम्मान पाइनेछ। श्रमको उचित मूल्याङ्कन हुनेछ । | **कुम्भ** : शुभकार्यको चर्चा चल्नेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । |
| **कन्या** : शुभकार्यको चर्चा चल्नेछ । परिवारजनको साथले नयाँ आशा पलाउनेछ। | **मीन** : मनोरञ्जनमा सहभागिता भइएला। आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । |

## कला मनोरञ्जन

# चलचित्रकर्मीलाई 'विशिष्ट परिचय पत्र' वितरण



चलचित्र विकास बोर्डले आइतबार चलचित्र क्षेत्रमा सक्रिय कलाकार तथा प्राविधिकलाई 'विशिष्ट चलचित्रकर्मी परिचय पत्र' वितरण गरेको छ । बोर्डको प्रेक्षालयमा आयोजित कार्यक्रममा सूचना तथा सञ्चार प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङको प्रमुख आतिथ्यमा ८६ जना चलचित्रकर्मीलाई सो परिचय पत्र प्रदान गरिएको हो । मन्त्री गुरुङ, सचिव राधिका अर्याल, चलचित्र विकास बोर्ड अध्यक्ष दिनेश डिसीलगायतले यो सम्मान प्रदान गर्नुभएको थियो । मन्त्री गुरुङले लामो समयदेखि नेपाली चलचित्र क्षेत्रमा योगदान पुऱ्याउँदै आएका कलाकार तथा प्राविधिकलाई सम्मान गर्दै परिचय पत्र वितरण गर्नुभएको थियो । उहाँले चलचित्रकर्मीको श्रम र योगदानलाई कदर गर्दै सरकारले यसलाई आधिकारिक पहिचानको रूपमा लिएको बताउनुभयो । चलचित्र विकास बोर्डका अनुसार 'विशिष्ट चलचित्रकर्मी परिचय पत्र'लाई चलचित्रकर्मीहरूको औपचारिक पहिचान र कदरको प्रतीकका रूपमा स्थापित गरिएको छ । यस अवसरमा दीपकराज गिरी, दीपाश्री निरौला, जितु नेपाल, अञ्जु रंजितकार, अमितेश शाह, कृष्णप्रसाद सिवाकोटी, केदारबहादुर कार्की, घश्याम खतिवडा, गिरधारी बस्तोला, चन्द्रप्रकाश पौडेल, जयन्तप्रसाद रेग्मी, जयराम खत्री केसी, दिनेश काजी योगल श्रेष्ठ, दीपक अधिकारी, नरेन्द्रबहादुर थापा, पवन जोशी, प्रभावकर शर्मा, वसन्तबहादुर खत्री, मुकुन्दकुमार श्रेष्ठ, मुकुन्दप्रसाद मैनाली, रमेश उप्रेती, रमेश बस्नेत, राजीव मानन्धर, लक्ष्मण श्रेष्ठ, विशाल पहाडी, सारदा गिरी, साकार पन्त, सुनिल थापा, मदुकुमार श्रेष्ठ, यादव सिटौलालगायत कलाकारलाई 'विशिष्ट चलचित्रकर्मी परिचय पत्र' प्रदान गरिएको थियो । यस्तै, निर्देशकमा अमृतमान महर्जन, उपेन्द्र तिमिसेना, जनक गुरुङ, बद्री अधिकारी, विश्व बस्नेत, भद्रकाली नेपाल (नवल नेपाल) र रञ्जित रानालाई प्रदान गरिएको थियो । त्यसैगरी निर्मातामा पूर्णप्रसाद सुवेदी ( मिलन), राजेन्द्र केसी र रामकृष्ण बजगाई र लेखक बज्रेश खनाललाई 'विशिष्ट चलचित्रकर्मी परिचय पत्र' प्रदा गरिएको थियो । संगीतकार मनोहरू परियार (सुनाम), नृत्य निर्देशकमा दिनेश पाखिन, गीतकारमा सुरेन्द्र राना र प्रदर्शक प्रदीपकुमार उदय, विक्रम पराजुलीलाई 'विशिष्ट चलचित्रकर्मी परिचय पत्र' प्रदान गरिएको छ । सरकारको तर्फबाट आइतबार वितरण गरिएको 'विशिष्ट चलचित्रकर्मी परिचय पत्र'मा प्राप्त गर्नेले एक लाख ५० हजारबराबरको सुरक्षा बीमा पाउनेछन् । परिचय पत्र प्राप्त गरेका कलाकार तथा प्राविधिकले यसले आफ्नो पेशागत पहिचानलाई अझ मजबुत बनाउने विश्वास व्यक्त गरेका छन् ।

*-इहिमालय टाइम्स डटकम*

# बोलचाल बन्दबारे के भन्छन् प्रकाश र स्वस्तिमा ?



राजनीति र फिल्म क्षेत्रमा एउटा चर्चित भनाइ छ, 'यहाँ कोही स्थायी शत्रु वा मित्र हुँदैनन् ।' यी दुई क्षेत्रमा वर्षौंसम्म घनिष्ठ देखिएका व्यक्तिहरू अकस्मात् टाढिएका उदाहरण प्रशस्त छन् भने लामो दूरीपछि घनिष्ठ मित्र बनेका दृष्टान्तहरू पनि कम छैनन् । यतिबेला फिल्म क्षेत्रमा अभिनेता तथा गायक प्रकाश सपूत र अभिनेत्री स्वस्तिमा खड्काको सम्बन्धमा चिसोपना आएको चर्चा भइरहेको छ । फिल्म 'हरिबहादुरको जुत्ता'का लागि फोटोसुट गर्ने क्रममा उनीहरुबीच बोलचाल नभएको देखिएपछि त्यो विषय मिडियामा गसिपको रूपमा फैलिएको थियो । धेरैले फिल्म 'वसन्त'को खराब प्रदर्शनपछि उनीहरुको सम्बन्ध बिग्रिएको अनुमान लगाए । तर, पछि 'हरिबहादुरको जुत्ता'को एक प्रवर्धनात्मक भिडियोमा उनीहरुले एउटै गिलासको पानी पिउँदै बजारको हल्लालाई खारेज गरे । सोमबार फिल्मको नयाँ गीत 'ढाका टोपी शिरैमा' रिलिज कार्यक्रममा पनि प्रकाश र स्वस्तिमालाई पत्रकारले सम्बन्ध बिग्रिएको चर्चाबारे प्रश्न गरेका थिए । त्यसको जवाफमा प्रकाशले बजारमा आएको कुरामा एक प्रतिशत पनि सत्यता नरहेको स्पष्ट पारे । उनले स्वस्तिमा आफ्नो नजिकको साथी रहेको बताउँदै आफूहरुबीच मनमुटाव वा झगडा हुनुपर्ने कुनै पनि कारण नरहेको बताए । उनले भने, 'फिल्म क्षेत्रमा आएपछि मैले फिल्मको बारेमा सबैभन्दा बढी कुरा सेअर गरेको र बुझेको साथी नै स्वस्तिमाजी हुनुहुन्छ । भनेपछि उहाँसँग मनमुटाव वा झगडा गर्नुपर्ने भन्ने त हुँदैन । हाम्रोबारे बजारमा जे आएको छ, त्यसमा एक प्रतिशत पनि सत्यता छैन । काम गर्ने बेलामा कहिलेकाहीँ थाकेर वा आ-आफ्नो काम गरिरहँदा एकैछिन नबोलिएको हुनसक्छ । तर, त्यस्तो केही छैन ।' स्वस्तिमाले पनि प्रकाशसँग सम्बन्ध बिग्रिएको कुराको खण्डन गरिन् । उनले भनिन्, 'मेरो पछिल्लो समय जति पनि फिल्मसम्बन्धी कन्टेन्ट आइरहेको छ, सबैभन्दा धेरै प्रकाशजीसँगै छ । बजारमा भने हाम्रो सम्बन्ध बिग्रिएको चर्चा चल्छ । अरूले चाहिँ प्रकाशजीबाहेक अरूसँग तपाईंको काम नै आउन छाड्यो भन्नुहुन्छ । उहाँसँग फिल्ममा मेरो यो दोस्रो सहकार्य हो । काम गर्दा रमाइलो भयो ।'

*-फिल्मी खबर डटकम*

# पूर्वपति युजवेन्द्रमाथि धनश्रीले गरिन् व्यङ्ग्य



भारतीय क्रिकेट खेलाडी युजवेन्द्र चहलसँग सम्बन्धविच्छेद भएपछि चर्चामा रहेकी चर्चित इन्फ्लुएन्सर धनश्री वर्माले आफ्ना पूर्वपतिमाथि व्यङ्ग्य गरेकी छन् । अब छिट्टै रियालिटी सो 'राइज एन्ड फल' मा देखिने भएकी धनश्रीले सबै स्पोर्ट्स च्यानलहरू हेर्न बन्द गरेको बताएकी हुन् ।

एमएक्स प्लेयरले हालै रियालिटी सो 'राइज एन्ड फल' को नयाँ प्रोमो जारी गरेको छ। प्रोमोमा धनश्री पत्रकार र पोडकास्टर नयदीप रक्षितसँग देखिएकी छन् । प्रोमोमा नयदीपले धनश्रीसँगको सहकार्यको घोषणा गर्दा उनी भन्छिन्, 'मसँग सहकार्य गर्न त्यति सजिलो छैन ।' त्यसपछि नयदीपले भने, 'म्याडम, आधाभन्दा बढी बलिउडले मसँग सहकार्य गरिसकेको छ । तिमी पनि गर, स्टार बनाइदिन्छु ।' यसमा धनश्रीले जवाफ दिइन्, 'एक रानीलाई स्टार बन्न आवश्यक छैन । जे भए पनि अन्तरवार्ता लिनेहरूको लाइन लागेको छ। पेन्टहाउसमा जति पनि स्पोर्ट्स च्यानल छन्, मैले बन्द गरिदिएँ ।' यसपछि नयदीपले भने, 'तर तपाईंले मलाई बन्द गर्न सक्नुहुन्न ।' केही समयअघि धनश्रीले सम्बन्धविच्छेदको दिन युजवेन्द्र चहलको टी-सर्टमा लेखिएको 'बी योर ओन सुगर ड्याडी' भन्ने सन्देशमा पनि प्रतिक्रिया दिएकी थिइन्। उनले युजवेन्द्रले उनलाई सन्देश दिनैपर्थ्यो भने ह्वाट्सएपमा पठाउन सक्थे, टी-सर्टमा लेखिरहनु आवश्यक नभएको बताएकी थिइन् । धनश्री वर्माले सन् २०२० मा क्रिकेटर युजवेन्द्र चहलसँग विवाह गरेकी थिइन् । सन् २०२५ मा उनीहरूको सम्बन्धविच्छेद भएको हो । यता युजवेन्द्र चहलको नाम अहिले इन्फ्लुएन्सर आरजे महवशसँग जोडेर चर्चामा आएको छ । 'राइज एन्ड फल' सेप्टेम्बर ६ देखि सुरु हुँदै 'राइज एन्ड फल' सो सेप्टेम्बर ६ देखि एमएक्स प्लेयरमा प्रसारण हुँदैछ। यस सोमा प्रतियोगीहरूका लागि दुईवटा तला हुनेछन् ।

माथिल्लो तलामा बस्ने प्रतियोगीहरूलाई सबै प्रकारका सुख-सुविधा र विलासिता प्रदान गरिनेछ, जबकि तल्लो तलामा बस्ने प्रतियोगीहरूले सामान्य कुराका लागि पनि सैंर्ष गर्नुपर्नेछ। यसरी सबै प्रतियोगीहरूका बिच माथि जानका लागि प्रतिस्पर्धा देखिनेछ। यस सोमा किकु शारदा, धनश्री वर्मा, अर्जुन बिजलानी, कुब्रा सैत, नयदीप रक्षितलगायत थुप्रै कलाकार सहभागी हुनेछन् । *-रातोपाटी डटकम*

# दुई पोस्टरमा यस्तो देखियो फिल्म 'हर्ष'




निर्देशक एकता पौडेलको पहिलो फिचर फिल्म 'हर्ष' को फर्स्टलुक पोस्टर सार्वजनिक भएको छ । पारिवारिक कथामा आधारित यो फिल्म मंसिर १२ गतेदेखि देशभरका सिनेमाघरमा प्रदर्शन हुँदैछ । सोमबार बिहान सार्वजनिक गरिएका दुई पोस्टरमध्ये पहिलोमा मुख्य कलाकार खगेन्द्र लामिछाने, वर्षा राउत र शर्मिला मल्ललाई हर्षित मुद्रामा देख्न सकिन्छ । यो पोस्टरमा सन्तोष पन्तलाई भने केही असन्तुष्ट भावमा छड्के हेरेको देखाइएको छ । यो पोस्टरमा खगेन्द्र र वर्षालाई उनीहरूको छोराको भूमिकामा रहेका बालकलाकार साइमन वादीसँग रमाइरहेको चित्रण गरिएको छ । दोस्रो पोस्टरमा पनि खगेन्द्र र वर्षालाई मुस्कुराइरहेको देख्न सकिन्छ । यस पोस्टरको पृष्ठभूमिमा सन्तोष पन्तका साथमा विशाल पहारी, लुनिभा तुलाधर, माओत्से गुरूङ र अंशु महर्जन नाचिरहेको र रमाइरहेको दृश्य छ, जुन सम्भवत: फिल्मको गीतको अंश हुन सक्छ । बाल कलाकार साइमन यस पोस्टरमा बाल कृष्णको पहिरनमा प्रस्तुत गरिएका छन्। यसैगरी, अभिनेता नीर शाह गम्भीर भावमा देखिएका छन्। दुवै पोस्टरले पारिवारिक जीवनका उतारचढाव र सम्बन्धहरूको कथा प्रस्तुत गर्ने संकेत गर्दछ । डेब्यु निर्देशक एकता पौडेलले आफ्ना दिवंगत मामा तथा पारिवारिक सिनेमाका लागि परिचित निर्देशक शिव रेग्मीको विरासतलाई अगाडि बढाएको देखिन्छ। यसअघि उनले फिल्मको टाइटल भिडिओ पनि मामालाई स्मरण गर्दै सार्वजनिक गरेकी थिइन् । पौडेलले न्यूयोर्क फिल्म एकेडेमीबाट सिनेमा मेकिङमा अध्ययन तथा आमसञ्चारमा स्नातक गरेकी छिन् । व्यवस्थापन तथा नेतृत्व विषयमा स्नातकोत्तर गरेकी निर्देशक पौडेलले यसअघि केही छोटा फिल्महरू पनि निर्माण गरिसकेकी छिन् । फिल्मको सम्पूर्ण छायांकन चितवनमा गरिएको हो र हाल यो पोस्ट प्रोडक्सनको चरणमा रहेको छ । निर्देशक पौडेलले आफू र आफ्नो टिमले दर्शकलाई 'हर्ष' उत्कृष्ट रूपमा पस्किने प्रतिबद्धता व्यक्त गरेकी छिन् । 'हर्ष' मा खगेन्द्र लामिछाने, वर्षा राउत, नीर शाह, सन्तोष पन्त, शर्मिला मल्ल, माओत्से गुरूङ, विशाल पहाडी, नीमा पाण्डे, लुनिभा तुलाधर, अंशु महर्जन, रेनु प्रधान, सुवर्ण थापा, सृष्टि महर्जन, संगीता नापित तथा बालकलाकार साइमन वादीको अभिनय रहेको छ । अष्टलक्ष्मी प्रोडक्सन्स र ई-प्राइम मुभिजको ब्यानरमा निर्माण भएको यस फिल्मको कथा स्वयं निर्देशक पौडेलले लेखेकी हुन् । फिल्ममा आलोक शुक्लाको छायांकन, समीर/हिमाल, वसन्त सापकोटा र एलिश कार्कीको संगीत, लोकेश बज्राचार्यको सम्पादन तथा सुनील क्षेत्री र निर्देशक पौडेलको कोरियोग्राफी छ । फिल्मका निर्माता प्रशन्न पौडेल र विकास पौडेल हुन् भने कार्यकारी निर्मातामा हिक्मत चोखल छन् ।

*-सेतोपाटी डटकम*

# बेपत्ता परिवारका सदस्य भन्छन् –'अझै आशा मरेको छैन'




**तुलसीपुर (दाङ),** भदौ १७/यहाँको दाङ दङ्गीशरण गाउँपालिका-३ चितानपुर निवासी हरिराम चौधरी विसं २०५९ देखि बेपत्ता भए । मल लिन तुलसीपुर जाने भनि हिँडेका चौधरी बेपत्ता भए पनि परिवारको आश भने अझै मरेको छैन । "अझै पनि आउनुहुन्छ, की भन्ने लाग्छ", भाई सीताराम चौधरीले भने, "आश अझै मरेको छैन ।"

त्यस्तै आशामा छिन्, तुलसीपुर उपमहानगरपालिका-११ निवासी लक्ष्मी चौधरी पनि । उनको श्रीमान् खोपीराम चौधरी विसं २०५९ मा बेपत्ता भए । त्यसपछि अहिलेसम्म कुनै पत्ता लाग्न सकेको छैन । "न त सास छ, न त शव नै भेटियो", उनले भनिन्, "अझै पनि आउनुहुन्छ की भन्ने लाग्छ ।" सरकारले यथार्थ पत्ता नलगाइदिँदा अझै घाउमा मल्हम लाग्न नसकेको उनको भनाइ छ । पटक-पटक अन्तर्क्रिया कार्यक्रम हुने, अवस्था बुझ्न आउने गरे पनि वास्तविक अवस्था पत्ता लाग्न नसकेको उनको दु:खेसो छ । घोराही उपमहानगरपालिका-१७ निवासी बिपीन आचार्यका बुवा थानेश्वर आचार्य विसं २०५९ मा बेपत्ता थिए । उनी बेपत्ता भएपछि अहिले घरमा अंशवण्डा नै प्रभावित भएको छ । "बुवा बेपत्ता हुनुहुन्छ, उहाँको मृत्यु दर्ता नहुँदा अंशवण्डा गर्न सकिएको छैन", उनले भने, "बुवाहरुकै अंशवण्डा छैन ।" उनीहरु जस्तै अझै धेरै बेपत्ता परिवारहरु ती बेपत्ता भएका परिवारका सदस्यको बारेमा कुनै जानकारी नहुँदा पीडित छन् । घरकै मुली मान्छे बेपत्ता हुँदा घर चलाउन समस्या हुने गरेको छ । द्वन्द्व पीडित सञ्जाल दाङका अध्यक्ष प्रकाश चौधरीले युद्धको समयमा बेपत्ता पारिएका नागरिकको अवस्थाबारे जानकारी हुन नसकेका कारण युद्ध सकिएको मान्न नसकिने बताउन्छन् । विस्तृत शान्ति सम्झौता भएको १९ वर्षसम्म बेपत्ता छानबिन हुन नसक्नु दु:खद भएको उनको भनाइ छ । नेपाल रेडक्रसको तथ्याङ्कअनुसार दाङमा ८२ परिवारका सदस्यहरु बेपत्ता पारिएका छन् । *-रासस*


## कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.

ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


## खेलकुद समाचार

### आसिफ अलीले क्रिकेटबाट सन्न्यास लिए



**काठमाडौं,** भदौ १७/पाकिस्तानका ब्याटर आसिफ अलीले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिएका छन् । पाकिस्तानका ३३ वर्षीय मध्यक्रमका ब्याटर आसिफले आज सामाजिक सञ्जालमार्फत सन्न्यासको घोषणा गरेका हुन् । यद्दपि उनले घरेलु क्रिकेट र फ्रेन्चाइजी लिगलाई निरन्तरता दिने बताएका छन् । सन् २०१८ मा डेब्यु गरेका आसिफ अलीले पाकिस्तानका लागि २१ एकदिवसीय र ५८ टी-२० अन्तर्राष्ट्रिय क्रिकेट खेलेका छन् । उनले दुवै फर्म्याटमा गरी ९ सय ५९ रन बनाएका छन् । मुख्यतया फिनिशर र पावर हिटरका रूपमा टोलीमा स्थान बनाएका आसिफ अलीको टी-२० मा १३३.८७ र एकदिवसीयमा १२१.६५ को स्ट्राइक रेट छ । सन् २०२१ को टी-२० विश्वकपमा अफगानिस्तानसँगको खेलमा आसिफले उत्कृष्ट प्रदर्शन गरेका थिए । पाकिस्तानलाई १२ बलमा २४ रन चाहिएको अवस्थामा उनले करिम जनतको ओभरमा ४ छक्का प्रहार गर्दै ७ बलमा नटआउट २५ रन बनाएका थिए ।


## वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा १९ अंकको गिरावट



**पाल्पा,** भदौ १७/नेप्सेमा गिरावट आएको छ । मंगलबार १९ दशमलव ८९ अंक घटेको हो ।

सोमबारको तुलनामा ० दशमलव ७२ प्रतिशतले घटेपछि समग्र नेप्से २ हजार ७ सय ४१ दशमलव ९७ विन्दुमा ओर्लेको छ । गत बिहीबार ३८ अंक र आइतबार ३१ अंकले घटेको नेप्से सोमबार भने दोहोरो अंकले बढेको थियो । यो वृद्धि मंगलबारसम्म टिकेन । सो दिन कारोबारमा आएकामध्ये २९ कम्पनीको सेयर मूल्य बढ्दा २२१ वटाको घट्यो । यसरी सेयर मूल्य बढ्ने कम्पनीको तुलनामा घट्ने कम्पनी धेरै भएपछि समग्र नेप्सेमा दोहोरो अंकको गिरावट आएको हो । सो दिन ८९ हजार ७ सय ७५ पटकको कारोबारमा १ करोड ५ लाख ३५ हजार ८ सय ७४ कित्ता सेयर किनबेच भए । उक्त किनबेचमा ४ अर्ब ४३ करोड ८२ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । अघिल्लो दिनको तुलनामा कारोबार रकम घटेको हो । सोमबार ५ अर्ब १० करोड ५७ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको थियो । मंगलबार कारोबारमा आएकामध्ये १३ वटै उपसमूहकै परिसूचक घटेपछि समग्र नेप्से झण्डै २० अंकले घटेको हो । उधारोमा कारोबार गर्ने कारोबार हावी हुँदा बिक्री चाप बढेकाले बढ्नुपर्ने सिजनमा पनि सयेर बजार सूचक घटेको हो । नेप्सेमा कारोबार भएका आधिकांश कम्पनीको सेयर मूल्य घटेपछि समग्र बजार सूचक घट्न मद्दत पुगेको नेप्सेले जनाएको छ ।


## सूचना ! सूचना !! सूचना !!!

कालीगण्डकी ५ वेल्टारीस्थित १३२ केभी प्रसारण लाइनको टावर नं ६ को इरेक्सन कार्य गरिने भएकोले वेल्टारी हुँदै बगनासकाली ६ दर्पुक, पाल्पा तर्फको ३३ केभी प्रसारण लाइन अन्तर्गत (दर्पुक, टेके, गुगा क्षेत्र) मा मिति २०८२/०५/१८ गते देखि २०८२/०५/२३ गतेसम्म विहान ८:०० बजेदेखि वेलुका ५:०० बजेसम्म विद्युत आपुर्ति बन्द हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल विद्युत प्राधिकरण**
**पाल्पा वितरण केन्द्र**

## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८२/०५/१६**

प्रस्तुत विषयमा यस श्री चन्द्रोदय मा.वि रामपुर नगरपालिका-१ पन्थे पाल्पामा रामपुर नगरपालिकाको च.न. २७६ मिति २०८२/५/१६ को प्राप्त पत्रअनुसार शिक्षक सहयोग अनुदान कोटाबाट शिक्षक नियुक्तिको लागि अनुमति प्राप्त भाएकाले योग्य नेपाली नागरिकबाट तपशिल बमोजिमको कागजात सहित दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**
**तह :** माबि (शिक्षण अनुदान कोटा) संघीय अनुदान
**विषय :** अंग्रेजी
**संख्या :** शिक्षक १ (एक) जना
शैक्षिक योग्यता : विएड/विएसी वा सो सरह
**उमेर :** १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको
**तलब स्केल :** अनुदानमा प्राप्त रकम अनुसार
**दरखास्त शुल्क :** रु. १०००/-
**दरखास्त दिने अन्तिम मिति :** २०८२/०५/३०
**परीक्षाको किसिम :** लिखित तथा अन्तरवार्ता
**आवश्यक कागजातहरुः** शैक्षिक प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि २ प्रति अध्यापन अनुमति पत्रको प्रतिलिपि २/ २ प्रति
**सर्म्पक नं.:** ९८५७०६०५९६, ९८५७०६५९६९

**श्री चन्द्रोदय माध्यमिक विद्यालय**
रामपुर-१ पन्थे, पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई